# विद्यालय जाने सार्वजनिक बाटो वडा अध्यक्षद्वारा कब्जा

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २१ फागुन



रौतहट गुजरा नगरपालिका वडा नम्बर ५ मा सञ्चालनमा रहेको रहमान प्राथमिक विद्यालयमा जाने सार्वजनिक बाटो वडा अध्यक्षले नै कब्जा गरेको आरोप लागेको छ । विद्यालयमा जाने बाटो नै कब्जा भएपछि अहिले विद्यालय जाने बालबालिकालाई समस्या भएको छ।

विद्यालयका प्रध्यानाध्यापक मोहमद अफरोज आलमले वडा अध्यक्ष शेख जमालुदीनले सर्वे नक्सामा करिव ७० फिट कायम रहेको सार्वजनिक सडक कब्जा गरेको आरोप लगाए ।

वडा अध्यक्ष जमालुदीन र सोही वडाका ६५ वर्षीय शेख वहाबले विद्यालयमा आवतजावतको लागि प्रयोग हुँदै आएको बाटो निजी कब्बामा लिएको दाबी गरिएको छ । सोमबार सञ्चारकर्मीहरुसँग कुरा गर्दै प्रध्यानाध्यापक आलमले यस्तो आरोप लगाएका हुन् । रौतहट कनकपुर वडा नम्बर १ को किता नम्बर २५१४ को २ कट्ठा जग्गामा स्थापना भएको विद्यालयको नेपाल सरकारको सर्वेमा पश्चिम तर्फबाट कायम रहेको करिब ७० फिट सार्वजनिक सडक वडा अध्यक्षले बलपूर्वक कब्जा गरेपछि विद्यालयमा अध्यनरत रहेको ३ सय ८३ जना बालबालिकाको पठन पाठन प्रभावित भएको बताएका छन् ।

विद्यालयको विकास गर्नुपर्नेमा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिले विद्यालयको विनाश गर्नेतर्फ अग्रसर भएको उनको भनाइ छ। २०६६ सालमा स्थापना भएको सो विद्यालयमा विद्यार्थीहरु सोही बाटो भएर विद्यालयमा निर्विवाद रुपमा आउने गरेकोमा अहिले आएर वडा अध्यक्षले सो बाटो निजी रुपमा कब्जा गरेपछि विद्यार्थीहरुको पढाइ प्रभावित भएको बताए ।

विद्यालयमा आउने बाटो कब्जा गरेका वडा अध्यक्ष उपरमा उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जमा मुद्दा दायर गरेकोमा फागुन २२ गते छलफलको लागि बोलाइएको प्रध्यानाध्यापक आलमले बताए ।

निषेधज्ञाको सूचना पाएका वडा अध्यक्षले इँटाको पर्खाल नै बाटोमा हालेको उनले बताए । विद्यालयमा जाने बाटो किन अवरोध गरेको भनेपछि कुटपिट गर्ने धम्की दिने गरेको उल्लेख गरे । कब्जा गरेको बाटो खुलाउनको लागि नगर प्रमुख र उपप्रमुखलाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नदेखाएको उनको गुनासो छ ।

# गेरुवा गणेशपुरमा धार्मिक महायज्ञ शुरु



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २१ फागुन

गेरुवा गाउँपालिकाको वडा नं ३ गणेशपुर शान्तिबजारमा गौरी शंकर धार्मिक ज्ञान महायज्ञ शुरु भएको छ । गौरी शंकर धार्मिक सप्ताह ज्ञान महायज्ञ मूल आयोजक समितिको आयोजनामा गौरी शंकर मन्दिर प्राङ्गणमा सोमबारदेखि ज्ञान महायज्ञको आयोजना गरिएको हो ।

गौरी शंकर मन्दिरको सर्वाङ्गीण विकास गर्न तथा सत्संग भवनसहितको व्यवस्थित धर्मशाला र दिव्यधाम निर्माणका लागि संगितमय श्रीमत भागवत कथा वाचन, १००८ सहस्त्र शालिकराम परिक्रमा, योग विज्ञान शिविर तथा बाल संस्कार कार्यक्रमको आयोजना गरिएको ज्ञान महायज्ञ मुल आयोजक समितिका संयोजक तेजराज बजगाईंले बताए ।

ज्ञान महायज्ञको उद्घाटन पानसमा दिप प्रज्वलित गरी गेरुवा गाउँपालिकाका अध्यक्ष जमान सिंह के.सी.ले गरेका थिए । उद्घाटन कार्यक्रममा अध्यक्ष के.सी.ले यस्ता किसीमका कार्यक्रमले मानिसलाई नैतिकवान बनाउन सघाउने बताउँदै गौरी शंकर मन्दिर परिसरमा निर्माण गर्न खोजिएको लक्ष्मीनारायणको मन्दिर निर्माणार्थ गाउँपालिकाबाट बजेट विनियोजन गर्ने प्रतिबद्धता समेत जनाए ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष लक्ष्मी कुमारी चौधरी, वडा नं ३ का वडा अध्यक्ष निर्मल कुमार चौधरी निवर्तमान उपाध्यक्ष हेमा कुमारी थरुनी, समाजसेवि अरुण प्रकाश सिंह राठौर लगायतले महायज्ञ सफलताका लागि शुभकामना व्यक्त गरेका थिए ।

यसअघि मन्दिर परिसरबाट निकालिएको विशाल कलश यात्राले शान्तिबजार, बालुवाटार, सतमुरियाचौक, भगतपुर, गणेशपुर, मुलपानी, छोटकी गणेशपुर लगायतका स्थान परिक्रमागरी मन्दिर प्रवेश गरेको थियो । फागुन २८ गतेसम्म सञ्चालन हुने ज्ञान महायज्ञको कथा वाचक आचार्य किशोर शरण सुवेदी रहेका छन् ।

# काठमाडौं महानगरद्वारा ४ हजारभन्दा बढी कुकुर र बिरालोको बन्ध्याकरण



**काठमाडौं/मस**–सामुदायिक कुकुर र विरालो सबैको संख्या घटाउँदै लैजाने लक्ष्य अनुसार काठमाडौं महानगरपालिकाले ४ हजार भन्दा बढी कुकुर तथा बिरालोको बन्ध्याकरण गरेको छ । महानगर प्रमुख बालेन्द्र शाहका अनुसार १ सय २० दिनमा ४९३८ वटा सामुदायिक कुकुर तथा बिरालोको बन्ध्याकरण गरिएको हो । त्यस्तै ११ हजार ३०८ वटा कुकुर र बिरालोलाई रेबिजविरुद्धको खोप लगाएको छ । महानगरले आगामी चार वर्षभित्रमा सामुदायिक कुकुर र बिरालो सबैको संख्या घटाउदै लैजाने लक्ष्य राखेको छ। 'हामीले सोचेजस्तो धेरै कुकुर र विरालोको संख्या भेटिएन,' नगरप्रमुख साहको भनाइ छ, 'टोलमा भेटिएका कुकुर बिरालाहरुलाई वडाका प्रतिनिधिको रोहवरमा अभिलेखन गरेर पशुकल्याण तथा पशु अधिकारलाई आत्मसात गर्दै समाउने, बन्ध्याकरणका लागि सेल्टरमा लैजाने तथा उपचारपछि पुर्नस्थापना गरिरहेका छौं ।'

महानगरले बन्ध्याकरण गरिएका कुकुर र बिरालोको कानमा सानो चिन्ह लगाएको छ। 'हाम्रो लक्ष्य भनेको सामुदायिक कुकुर र बिरालोको संख्या सीमित गरेर, भएकाहरूलाई बस्न र बाँच्न उचित वातावरण तयार पार्ने हो,' नगरप्रमुख शाहले भने। महानगरले 'एअर नोच' नभएका कुकुर र बिराला देखेमा महानगरको कल सेन्टरको निःशुल्क फोन नं. ११८० मा सम्पर्क गरेर जानकारी गराउन समेत आग्रह गरेको छ ।

# परमेश्वर मण्डलीको आयोजनामा रक्तदान



**काठमाडौं/मस**– भक्तपुर परमेश्वर मण्डलीले रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। सोमबार आयोजित रक्तदान कार्यक्रममा २ सय ५० भन्दा बढीले रक्तदान गरेका छन् ।

रक्तदान कार्यक्रममा भक्तपुर लगायत बनेपा, सल्लाहघारी, दुवाकोट, तिनकुने, च्यामासिंग र गोठाटार आदि क्षेत्रहरूबाट सहभागी भएका थिए ।

मण्डलीका सचिव बोल बहादुर मगरले कार्यक्रमको नाममा भएको 'निस्तार-चाड'लाई उल्लेख गर्दै 'निस्तार-चाडचाँहि, विपत्ति पार' भन्ने अर्थ बोकेको परमेश्वरको चाड रहेको बताए ।

नेपाल रेडक्रस भक्तपुर शाखाले रक्तदानका लागि चिकित्सा सामग्रीहरू सहयोग गर्नुका साथै रक्तदाताको स्वास्थ्य चेकजाँच र रक्त संकलन आदिमा सहयोग गरेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि चाँगुनारायण नगरपालिका वडा नं. २ का वडा अध्यक्ष सोमप्रसाद प्रधानले २०७२ को महाभूकम्पको स्वयंसेवा, नदी तथा टोल सरसफाई, विद्यालय पुनस्थापना र रक्तदान जस्ता सामाजिक कार्यमा योगदान पुऱ्याएको भिडियो हेरेर एकदमै प्रभावित भएको बताए ।

कार्यक्रममा जनजागरण पार्टी नेपालका राष्ट्रिय सभा सदस्य उम्मेद्वार भिम बहादुर योङ्याले परमेश्वरको मण्डलीले १,२ पटक नभएर १२७९ औं पटक रक्तदान गरिसकेको भन्दै धन्यवाद व्यक्त गरे ।

परमेश्वरको मण्डली विश्वभरि १७५ वटा देशहरूमा ७,५०० वटाभन्दा बढी क्षेत्रहरूमा स्थापना भएको विश्वव्यापी मण्डली हो ।

३७ लाख जना सन्तहरूले बाइबलको शिक्षाअनुसार पिता परमेश्वर र माता परमेश्वरलाई विश्वास गर्दछन् । २७,००० पटक स्वयंसेवा गतिविधि गरेबापत् यो मण्डलीले अमेरिकी राष्ट्रपतिय अवार्ड, कोरियाली राष्ट्रपतिय अवार्ड, ब्राजिलियन विधायिकी पदक आदि कुल ४,२०० वटाभन्दा भन्दा बढी अवार्डहरू प्राप्त गरेको छ ।

# शितगंगा नगरपालिकामा कृषि उपज संकलन केन्द्र स्थापना हुँदै



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २१ फागुन

अर्घाखाँचीको शितगंगा नगरपालिकाले नगरपालिकाभित्रका किसानहरुले उत्पादन गरेको कृषि उपजहरुको बजारीकरण गर्ने भएको छ । नगरपालिकाले कृषि उपज संकलन केन्द्र स्थापना गरेर बजारीकरण गर्न लागेको हो ।

नगरपालिकाले कृषि संकलन केन्द्रको वडा नं ४ अमराइमा निर्माण गरिरहेको छ । उक्त केन्द्र स्थापना भएपछि त्यसलाई बजारीकरणको रुपमा सञ्चालनमा ल्याउने तयारी भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले जानकारी दिए ।

किसानहरुले उत्पादन गरेको हरेक प्रकारको कृषि उपजहरु बिक्री नभएको गुनासो गरेका कारण नगरपालिकाले किसानका उत्पादनहरु खरिद गर्ने र नगरपालिकाले नै बजारीकरण गर्ने अधिकृत शर्माले बताए ।

नगरपालिकाले स्थानीय सहकारीलाई संकलन र बिक्रीको जिम्मा दिने तयारी गरेको कारण यसको प्रकिया अगाडि बढाइएको नगरपालिकाका योजना अधिकृत नुमलाल खनालले बताए ।

नगरपालिकाभित्र रहेको आधारशिला साना किसान कृषि सहकारी संस्था र पशु विकास महिला सहकारी संस्थाका प्रतिनिधिसँग समेत छलफल भइ अब काम शुरु गर्ने तयारी रहेको नगरपालिकाका कृषि शाखा प्रमुख अनिल शर्माले जानकारी दिए ।

नगरपालिकाले उत्पादनमा आधारित अनुदान प्रदान गरिरहेको भएपनि दुरुपयोग भएको गुनासो आएको र कृषि गरिरहेका किसानले बजारीकरणमा समस्या भएको गुनासो गरेपछि उत्पादनको न्यूनतम सर्मथन मुल्यमा अनुदान दिने र किसानका हरेक उत्पादन नगरपालिकाले नै खरिद गरिदिने गरी संकलन केन्द्रको सञ्चालन गर्न लागिएको शितगंगा नगरपालिका योजना अधिकृत खनालको भनाइ छ ।

यस्तै नगरपालिकाको कृषि शाखा प्रमुख, उद्योग वाणिज्य संघका अध्यक्ष तथा वडा अध्यक्षसहित सहकारीको टोलीले संघीय सरकारले तोकेको ११ तरकारी बजार अन्तर्गतको रहेको बुटवल कृषि बजार व्यवस्थापन समिति तथा बुटवल कृषि उपज थोक बजार संकलन समितिसँग कृषि उत्पादन खरिदबारे छलफल गरेको वडा नम्बर ३ का अध्यक्ष चिन्तराज अधिकारीले बताए ।

छलफलमा बुटवल कृषिबजार व्यवस्थान समितिका अध्यक्ष धनश्याम भुसालले हाल विभिन्न जिल्लाको कृषि उत्पादन खरिद गरिरहेको जानकारी गराउँदै कृषकले बजार मुल्य अनुसार उत्पादनको बजार पाउनेमा ढुक्क रहन र उत्पादन खरिदमा कुनै समस्या नरहने बताए ।

स्थानीय तहको सिफारिससहित आएको स्टलनै उपलब्ध समेत गराउन कृषि बजार व्यवस्थापन समिति तयार रहेकोले किसान र व्यापार बीचको पुलको काम समितिले गर्ने बताउँदै उत्पादनमा जोड दिन उनले अनुरोध गरे ।

## सत्ताको...

समीकरण बनाएको बताएका छन् । सहिद सप्ताहअन्तर्गत शहिद प्रतिष्ठान नेपालले राजधानीमा गरेको 'शान्ति प्रक्रिया, संघीय लोकतान्त्रिक गणतन्त्र र आजको राजनीति' विषयक कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले यस्तो बताएका हुन् ।

माओवादी केन्द्रका उपाध्यक्ष अग्नि सापकोटा पनि बृहत बाम एकताकै लागि नयाँ समीकरण बनेको बताउँछन् । भन्छन्, 'समाजवादी मोर्चाबन्दीका माध्यमबाट बृहत बाम एकताको लक्ष्य राखिएको छ । त्यस आधारमा नयाँ समीकरण गरेर अगाडि जान खोजिएको हो ।'

## अस्थिरताकै...

माओवादीसँग संसदमा ३२ सिट मात्रै छ । संसद्को सवैभन्दा ठूलो दल कांग्रेस भने सत्ता बाहिर पुगेको छ ।

नयाँ सत्ता समीकरणभित्र देखिन सक्ने शक्ति संघर्ष र कांग्रेसले सत्ता बदल्ने चाहना राख्दा फेरि पनि राजनीतिक अस्थिरता बढ्ने खतरा देखिन्छ ।

## सेवा...

लागि हुने खुला प्रतियोगितामा ४० वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्ने छन् ।

पूर्ण अशक्त अपांगता, अति अशक्त अपाङ्गता वा मध्यम अशक्त अपाङ्गता भएको व्यक्ति पनि ३७ वर्षसम्म उम्मेदवार हुन सक्ने छन् ।

संघीय निजामती सेवाका स्थायी कर्मचारी, कर्मचारी समायोजन सम्बन्धी संघीय कानुन बमोजिम सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका कर्मचारी वा लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई प्रदेश निजामती सेवा वा स्थानीय सेवामा स्थानीय नियुक्ति भएका कर्मचारीलाई भने उमेरको हद नलाग्ने व्यवस्था छ ।

## विदेशमै...

भण्डारी वैदेशिक रोजगार क्षेत्रलाई स्वच्छ, मर्यादित र व्यवस्थित गर्न व्यवहारिक नीतिका पक्षमा उभिएका थिए ।

भण्डारी बाहिरिएपछि निवर्तमान श्रममन्त्री राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डोलप्रसाद अर्याल मन्त्रिपरिषदमा भित्रिएका छन् । उनैले श्रम मन्त्रालयको जिम्मेवारी पाउने या नपाउने भन्नेबारे एकिन भने भएको छैन ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले वैदेशिक रोजगारका क्षेत्रमा रहेका समस्या र समाधानका विषय प्राविधिक प्रकृतिको भएको र लामो समय लगाएर समस्या बुझाएको मन्त्री पदबाट बाहिरिंदा नयाँ मन्त्रीलाई पुनः प्रारम्भिक चरणबाट जानकारी गराउँदा समय लाग्ने अवस्था उत्पन्न हुनु चिन्ताको विषय भएको बताए ।

## मलेसियामा...

लागि मात्र जरिवाना हुने मलेसियाका गृहमन्त्री सैफुद्दीन नासुशन इस्माइलले बताएका छन् । गृहमन्त्री सैफुद्दीनले अवैधानिक अवस्थामा रहेका आप्रवासीहरुले घर फिर्ती कार्यक्रममा सहभागी हुन प्रयोग गर्ने एजेन्टको सेवा प्रतिबन्ध गरिएको बताए । एजेन्टहरुले स्वदेश फर्किन चाहने विदेशी कामदारलाई ठगी गर्ने नियतले अध्यागमन कार्यालयमा दर्ता शुल्क लाग्ने बताएर लेनदेन गर्ने गरेको भन्दै उनले घर फिर्ती कार्यक्रममा निवेदन दिन आफैं आउन अवैधानिक अवस्थाका कामदारलाई आग्रह गरेका छन् ।

उनले भनेका छन्, 'सरकारले एजेन्टहरु वा तेस्रो पक्षबाट गरिने कुनै पनि अनुरोधलाई स्वीकार गर्दैन, यो कार्यक्रमले ओभरस्टे भएका वा मान्य अनुमति नभएका विदेशीहरुलाई स्वदेश फर्किन अवसर प्रदान गर्दछ । आप्रवासी स्वदेश फिर्ता कार्यक्रमको उद्देश्य कागजात नभएका विदेशी कामदारहरुलाई स्वेच्छिकरुपमा स्वदेश फर्कन अनुमति दिने हो ।


## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **PALIV INTERNATIONAL PVT. LTD.** (**श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४**) मा डकुमेन्टेसन पदमा कार्यरत कर्मचारी : **Lhamu Sherpa,** नागरिकता नं.: २१-०२-७८-००१६५, हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

**PALIV INTERNATIONAL PVT. LTD.**
श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४
Aruna Lama Marga, Maharajgunj, Kathmandu, Nepal Tel: 01-4518268, 4518716, 5911470
Email: info.Palivinternational@gmail.com, palivinternational74@gmail.com
Mobile: 9801070598, 9803420845, 9820112709, URL: www.palivinternational.com



## पञ्चपुरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बाबियाचौर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयपत्र**

**(सूचना प्रकाशित मितिः- २०८०/११/२२)**

उपरोक्त सम्बन्धमा यस कार्यलयबाट मिति २०८०/१०/१३ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन हुदा तपशिल बमोजिमको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही भई विभिन्न मितिमा बसेको बैठकको निर्णय अनुसार स्वीकृतको लागि छनौट भएकोले ऐनको दफा २७ को उपदफा (१) को प्रयोजनको लागि यो ७ दिनको सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | कामको विबरण | प्याकेज नं. | बोलपत्रको नाम र ठेगना | कबोल रकम रु. | ल.ई. भन्दा कमी वा बढी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बरैचे खानेपानी आयोजना निर्माण पञ्चपुरी-०४,सुर्खेत | PMO/SKT/ NCB/DWS/ WORKS/ 080/081-06 | श्री सन्ध्या निर्माण सेवा नेपालगञ्ज उ.म.न.पा.-१२, बाँके | रु. ५९,१८,८९४.८८ (भ्याट सहित) | ३८।३१ प्रतिशत कम | |
| २. | बच्छी खानेपानी आयोजना निर्माण पञ्चपुरी-१०,सुर्खेत | PMO/SKT/NCB/ DWS/ WORKS/ 080/081-07 | रविन्द्र निर्माण सेवा, पञ्चपुरी-१०, सुर्खेत | रु. ५२,९६,९२०.७४ (भ्याट सहित) | ३४।२७ प्रतिशत कम | |

**प्रमुख प्रशासकिय अधिकृत**